बैठक संख्या:...९२...

मिति: २०८१।०४।२९

समय: बिहानको ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा ...९२... औं कार्यपालिकाको बैठक आज मिति २०८१।०४।२९ मङ्गलबारका दिन बिहानको ११:०० बजे देहायका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु सर्वसम्मत पारित गरियो।

<u>उपस्थिति</u>

| क.स | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | श्री फुतुर शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | श्री आङ फुर्वा शेर्पा | |
| ५ | कार्यपालिका सदस्य | श्री नुरु जाङ्बु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | श्री लक्ष्मण अधिकारी | |
| ७ | कार्यपालिका सदस्य | श्री पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | श्री उमा बराइली | |
| ९ | कार्यपालिका सदस्य | श्री पासाङ डोमा शेर्पा | |
| १० | कार्यपालिका सदस्य | श्री डिमा याङजिन शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | श्री आङ माया शेर्पा | |
| १२ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा छिरी शेर्पा | |
| १३ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा ग्याल्जेन शेर्पा | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री जगत प्रसाद भुसाल | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णयहरु:

१. सुपर इन्खु खोला जलविद्धुत आयोजनाबाट प्राप्त भएको वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा उक्त कम्पनीले माग गरेको सिफारिस पत्र प्रदान गर्न मनासिव देखिएकाले माग गरे बमोजिमको सिफारिस प्रदान गर्ने ।

२. खुम्बु पासाङल्हामु गाउँपालिकामा कार्यरत तपशिल वमोजिमका कर्मचारीहरुवाट माग भई आए वमोजिमको सरुवा सहमति प्रदान गर्ने ।

| नाम | पद | कैफियत |
|---|---|---|
| डा. नगेन्द्र खड्का | पशु विकास अधिकृत, साँतौ | सेवामा रहदा खुट्टा भाचिएकोले फिल्डमा काम गर्न असहज भएको |
| श्री छत्र बहादुर खड्का | कम्प्यूटर अपरेटर, पाचौं | |
| श्री ऋषी राज कुमार राम | सब-इन्जिनियर, पाचौं | |
| श्री सन्जु लुइटेल | अ.न.मि., चौथो | साथमा भएको २.५ वर्षको बच्चाको स्वास्थमा समस्या रहेको |
| श्री उषा जोशी | सहायक महिला विकास निरिक्षक, चौथो | स्वास्थ सम्वन्धी समस्या |
| श्री ख्यामनाथ दंगाल | प्रशासन सहायक, चौथो | काज सरुवा भईसकेको |
| श्री रचना मैनाली | शिक्षा अधिकृत, छैंठौ | काज सरुवा भईसकेको |

३. नौलेख आ.वि मा कार्यरत प्रधानाध्यापक श्री चंख बहादुर ठोकर उमेर हदका कारण सेवा निवृत हुनु भएको हुदा अर्को स्थायी शिक्षक व्यवस्था नहुन्जेल सम्मका लागि श्री सुमित्रा राईलाईनै प्रधानाध्यापकको जिम्मेवारी प्रदान गर्ने ।

४. Affix Link ले जम्मा गरेको Bid Security रकम गाँउपालिकाको धरौटी खातामा जम्मा हुनु पर्नेमा राजस्व खातामा जम्मा भएको हुँदा उक्त रकम धरौटी खातामा ट्रान्सफर गरि फिर्ता गर्ने।

५. डिंम दोर्जी शेर्पा पर्यटन सडकमा सवारी आवगमन अवरुद्ध भएकोमा उक्त सडकको ट्र्याक ओपन गर्न आवश्यक विस्फोटक पद्धार्थ ल्याउन नसकिएकाले अवरुद्ध सडक संचालनका लागी सडक मर्मत गर्ने उक्त कार्य यस गाउँपालिकाको बजेटबाट माप्ये दुधकोशी गाउँपालिका क्षेत्रमा समेत मर्मत गर्नु पर्ने देखिएकाले उक्त गाउँपालिका संग समन्वय गर्ने।

CamScanner

६. खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. १, खरिखोलामा सञ्चालित सामुदायिक अस्पतालमा कार्यरत डाक्टरलाई अधिकृत आठौं तहको आधारभूत तलब रू ४८७३७।-, स्थानीय भत्ता ८८००।— र महङ्गी भत्ता २०००।— गरी जम्मा रू. ५९५३७।— (उनन्साठी हजार पाँच सय सैतिस) उपलब्ध गराउन सकिने भएकोमा उक्त सेवा सुविधामा कोही पनि मेडिकल अधिकृतले सेवा उपलब्ध गराउन सकिने अवस्था नरहेको हुँदा न्यूनतम तलवका अतिरिक्त खरिखोला सामुदायिक अस्पतालमा काम गर्ने मेडिकल अधिकृतलाई आर्थिक वर्ष ०८१/०८२ देखि न्यूनतम तलवका अतिरिक्त सेवा सुविधा वापत रु ५०४६३।०० थप गरी जम्मा रु. ११००००।०० (एक लाख दश हजार) मासिक भुक्तानी गर्ने ।

७. गाउँपालिकाको आन्तरिक आय अभिवृद्धि, नागरिक सुरक्षा एवम् सचेतना प्रवर्द्धन गर्नका लागि सम्पत्ति कर, घर बहाल कर, घर जग्गा अभिलेखीकरण लगायतका कार्यमा सम्बन्धित वडाका जनप्रतिनिधिज्यूहरूको नेतृत्वमा अभियान सञ्चालन गर्ने ।

८. युवा वर्ष आधारभूत विद्यालयमा आर्थिक अनियमितता देखिएको सम्बन्धी गुनासोको सम्बन्धमा उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री कामी छिरीङ शेर्पालाई सात (७) दिनको समय सीमा राखी लिखित स्पष्टीकरण सोध्ने ।